# प्रेममा साँचो बोल्दै

भल्यूम १ "प्रेममा साँचो बोल्दै हामी सबै कुराहरूमा उहाँसम्म बढौं, जो शिर हुनुहुन्छ" - एफेसी ४:१५ अंक २७


खीष्टको महिमाभन्दा **मूल्यवान्** अरू कुनै कुरा नहोस्, र प्रभुको प्रकट गरिएको इच्छाभन्दा **अधिकारपूर्ण** अरू कुनै कुरा नहोस्।

- विलियम केली

## उद्देश्यपूर्ण जीवन

यदि हामी येशूमा विश्वास गर्छौं भने, वास्तवमा महत्त्वपूर्ण कुरा हामीले के प्राप्त गर्छौं भन्ने होइन, तर उहाँले हामीद्वारा के प्रवाहित गराउनुहुन्छ भन्ने हो। परमेश्वरको उद्देश्य हामीलाई केवल सुन्दर र रसिला अङ्गुर बनाउनु होइन, तर त्यस्ता अङ्गुर बनाउनु हो, जसबाट उहाँले निचोरेर मिठास निकाल्न सक्नुहोस्।



- ओस्वाल्ड चेम्बर्स

परमप्रभु यसो भन्नुहुन्छ: **बुद्धिमानले** आफ्नो बुद्धिमा गर्व नगरोस्, न **शक्तिमानले** आफ्नो शक्तिमा गर्व गरोस्, न **धनवानले** आफ्नो धनमा गर्व गरोस्; तर जसले गर्व गर्दछ, उसले मलाई 'परमप्रभु म नै हुँ; मचाहिँ पृथ्वीमा करुणा, न्याय र धार्मिकताको काम गर्छु' भनी बुझेको र चिनेकोमा गर्व गरोस्; किनकि यी कुराहरूमा म प्रसन्न हुन्छु, परमप्रभु भन्नुहुन्छ।

यर्मिया ९:२३-२४

## रसुवा बाढीको सबैभन्दा ठूलो क्षति



भदौ १० गतेको दिन केही घण्टामै ६,००० घरहरू नष्ट भए; सडक, पुल, जलविद्युत् आयोजना, भवन तथा सवारीसाधनहरू बाढीले तहसनहस भए। अनुमानित क्षति रु. ६ देखि ७ खर्ब छ। यो नेपालको सम्पूर्ण वार्षिक सङ्घीय बजेटको झन्डै एकतिहाइ हो। अहिलेसम्म राहत कोषमा यस रकमको केवल १ प्रतिशत मात्र सङ्कलन भएको छ। क्षति भएका ४० किलोमिटर सडक, ४१ वटा मोटरेबल पुल, १२ वटा जलविद्युत् आयोजना तथा अन्य पूर्वाधारहरू पुनर्निर्माण गर्न ठूलो धनराशि मात्र होइन, ३–५ वर्षको समय पनि लाग्नेछ।

तर मानव जीवनको क्षति कसरी नाप्ने? आजको मितिसम्म रसुवा बाढीमा मृतकको सङ्ख्या १,१२७ पुगेको छ भने ४,८५८ जनाको अझै पत्तो छैन। गुमाइएको एउटै प्रियजनलाई कुनै धनराशिले फिर्ता ल्याउन सक्दैन।

त्रिशूलीको ढुङ्गे बजारमा बाढी आउँदा छ जनाको एउटा परिवार आफ्नै घरभित्र फस्यो। तल्लो तलाहरूको पसल तथा सरसामानहरू र सवारीसाधन सबै बाढीले बगायो। बाढीले घरलाई जोडले हिर्काइरहँदा उनीहरूले बाँच्ने आशा नै छोडिसकेका थिए तर घर ढलेन बरु माथिल्लो तलामा उनीहरू सुरक्षित रहे। आँसु पुछ्दै एक महिलाले भनिन्, “परिवार सबै बाँचियो। यही नै ठूलो कुरा हो।”

बाढीको प्रलयबाट बच्नु ठूलो छुटकारा हो भने, नरकको अग्निकुण्डबाट बच्नुचाहिँ झन् कति ठूलो छुटकारा हो! अनि पापबाट छुटकारा नपाईकन आत्मा नरकमा जानुचाहिँ सबैभन्दा ठूलो क्षति हो। तर खुशीको खबर यो हो कि पाप र नरकबाट छुटकारा आज जोकोहीले पनि पाउन सक्छ। किनभने येशू ख्रीष्टले आफ्नै रगत बहाई प्रत्येक मानिसको लागि छुटकाराको दाम तिरिसक्नुभयो। किनभने ख्रीष्ट हाम्रा पापहरूका निम्ति मर्नुभयो, गाडिनुभयो र भविष्यवाणीमा लेखिएमुताबिक नै उहाँ तेस्रो दिनमा फेरि जीवित हुनुभयो (१ कोरिन्थी १५:३-४)। पापक्षमा पाउन येशू ख्रीष्टमाथि विश्वास गर्नेहरूले अनन्त छुटकारा पाउँछन्। तर येशूमा विश्वास नगरी मर्नेहरू दोस्रो मृत्यु अर्थात् नरकमा जानेछन् (प्रकाश २१:८)।

प्रभु येशूले यसरी भन्नुभएको छ, “मानिसले सारा संसार प्राप्त गरे तापनि आफ्नो आत्मालाई चाहिँ गुमायो भने त्यसलाई के फाइदा भयो? अथवा आफ्नो आत्माको सट्टामा मानिसले के देला?” (मत्ती १६:२६) रसुवाको बाढीको सबैभन्दा ठूलो क्षति “जनधन” मात्रको थिएन तर मुक्ति नपाई आफ्नो आत्मा गुमाउनेहरूको थियो। तर तपाईंको आत्मा बाँचोस्!!

- प्रदेश श्रेष्ठ

© 2026 WORDOFTRUTH.COM.NP

## आफ्ना छोराछोरीलाई केही काम दिनुहोस्

बालबालिकाका स्वभाव र बानीहरूले देखाउँछन् कि उनीहरूमध्ये अधिकांशका लागि कुनै न कुनै काममा व्यस्त रहनु आवश्यकता नै हो। उनीहरूलाई काममा व्यस्त रहन मन पर्छ, काम जति नै सानो वा सामान्य किन नहोस्; तर त्यसभन्दा पनि उपयोगी काममा लगाइनु उनीहरूलाई अझ मन पर्छ। कतिपय बालबालिकामा व्यस्त रहनुपर्ने यो शारीरिक आवश्यकता अत्यन्तै प्रबल हुन्छ; र यदि त्यसलाई असल काममा लगाइएन भने, त्यसले वास्तविक हानि निम्त्याउन सक्छ। यसरी "खाली दिमाग शैतानको घर" भन्ने पुरानो उखान पनि सत्य ठहरिन्छ।

बालबालिकालाई प्रोत्साहन गरेर—वा त्यसप्रति अल्छी भएर अनिच्छुक छन् भने अनुशासनमा राखेर—उनीहरूले आफैं गर्न सक्ने आफ्नो लुगाफाटासम्बन्धी हरेक सानो काम आफैं गर्न सिकाउनुपर्छ। उनीहरूले आफ्ना लुगाफाटा र अन्य सामानहरू पनि आफैं मिलाएर सफा र व्यवस्थित राख्नुपर्छ, अनि आफूलाई चाहिने कुराहरू पनि सकेसम्म आफैं ल्याउनुपर्छ। छोटकरीमा भन्नुपर्दा, उनीहरूले अरूको सेवामा सकेसम्म कम निर्भर भएर आफैं काम गर्न सक्ने बन्न सिक्नुपर्छ।

मानिसको सामाजिक हैसियत जति नै उच्च भए पनि, यस्तो प्रणाली उसको लागि लाभदायक नहुने कुनै अवस्था छैन। विशेष गरी, जसको सबैभन्दा मूल्यवान सम्पत्ति आफ्नो समय मात्र हो, तिनीहरूका लागि यो अझ महत्त्वपूर्ण छ।

- Jewels For The Household

## संसार, शरीर र शैतान

१६ औं शताब्दी स्पेनका प्रख्यात कवि फ्रान्सिस्को क्वेभेदोका सुन्दर रूपकहरूमध्ये एउटामा मृत्युले कविलाई तीन जना डरलाग्दा आकृतिहरू देखाउँदै उनीहरूको परिचय गराउँछ। ती तीनै जना हतियारधारी, मानव आकृतिका र एक-अर्कासँग यति हुबहु मिल्दोजुल्दो छन् कि कुन कुन हो भनेर छुट्याउने असम्भव हुन्छ।

मृत्युले सोध्छ, "के तिमी यी प्राणीहरूलाई चिन्छौ?"

कविले जवाफ दिन्छ, "चिन्दिनँ।"

"यी तिम्रो आत्माका मुख्य शत्रुहरू हुन्—संसार, शरीर र शैतान। यी एक-अर्कासँग यति धेरै मिल्दोजुल्दो छन् कि जसले एउटालाई आफ्नो बनाउँछ, वास्तवमा उसले तीनैलाई आफ्नो बनाएको हुन्छ। लोभी मानिसले संसारलाई आफ्नो हृदयसँग अँगालेर राख्छ—अनि हेर! शैतान त उसका बाहुपाशमै छ! भोगविलासी मानिसले शरीरलाई अँगाल्छ—अनि हेर! उसले शैतानलाई नै अँगाल्न पुगेको छ!"

- Jewels For The Household

## पुनरावलोकन प्रश्नहरू - अध्याय ४

1. बेबिलोनको निर्वासनको समयमा शैतानले यहूदीहरूलाई सत्यत्यागमा फसाउन कसरी प्रयास गर्‍यो? परमेश्वरले शद्रक, मेशेक र अबेदनेगोलाई कसरी जोगाउनुभयो?
2. फारसी कालमा मन्दिर पुनर्निर्माणको काम रोक्न शैतानले कसरी प्रयास गर्‍यो? परमेश्वरले ती प्रयासहरूलाई कसरी विफल पार्नुभयो?
3. हामानले यहूदीहरूलाई नष्ट गर्न के षड्यन्त्र रच्यो? परमेश्वरले त्यस षड्यन्त्रलाई कसरी विफल पार्नुभयो?
4. एज्राको समयमा यहूदीहरू फेरि सत्यत्यागमा पर्नुको मुख्य कारण के थियो? एज्राले त्यसलाई रोक्न के-कस्ता कदम चाले?
5. नहेम्याहको समयमा यरूशलेमका पर्खालहरू पुनर्निर्माण गर्नु किन महत्त्वपूर्ण थियो? यहूदीहरूका शत्रुहरूले त्यसलाई रोक्न के-कस्ता प्रयास गरे, र परमेश्वरले ती प्रयासहरूलाई कसरी विफल पार्नुभयो?
6. नहेम्याह र मलाकीको समयमा यहूदीहरूमा देखिएका सत्यत्यागका प्रमुख लक्षणहरू के-के थिए? नहेम्याह र मलाकीले ती समस्याहरूको कसरी सामना गरे?
7. पुरानो नियमका अगमवक्ताहरूले आउने उद्धारकर्तालाई कुन दुई मुख्य रूपमा चित्रण गरेका थिए? यी दुवै चित्रणले उहाँको कुन-कुन पक्षलाई देखाउँछन्?
8. भविष्यको ईश्वरशासित राज्य स्थापना भएपछि उद्धारकर्ताले मानिसको पापका कारण उत्पन्न भएका दुःखद परिणामहरूलाई कसरी उल्ट्याउनुहुनेछ? उदाहरणहरू दिनुहोस्।
9. अगमवक्ताहरूले आउने उद्धारकर्ताको पहिचान, उहाँको अधिकार र उहाँको राज्यबारे के-कस्ता भविष्यवाणी गरेका थिए? उहाँले दाऊदसितको वाचा कसरी पूरा गर्नुहुनेछ?
10. इस्राएलको पश्चात्ताप र भविष्यको ईश्वरशासित राज्यको स्थापनाबीच कस्तो सम्बन्ध छ? इस्राएललाई पृथ्वीमा परमेश्वरको राज्य स्थापना हुने प्रक्रियामा प्रमुख कुञ्जी किन मानिन्छ?
11. अलेक्जेन्डर महानका विजयहरूले यूनानी भाषा र संस्कृतिलाई पूर्वदेखि पश्चिमसम्म कसरी फैलाए? उनको मृत्यु भएपछि उनको साम्राज्यको के भयो?
12. अन्तिओखस एपिफानेसले यहूदीहरूको परमेश्वरप्रतिको उपासना समाप्त गर्न के-कस्ता कदमहरू चाले? मक्काबीहरूको नेतृत्वमा शुद्धमतवादी यहूदीहरूले त्यसको कसरी प्रतिरोध गरे?

13. रोमले इस्राएलमाथि शासन कहिले स्थापित गऱ्यो, र हेरोद महानलाई यहूदियाको राजा कहिले नियुक्त गरियो? ग्रीस र रोमले परमेश्वरको उद्देश्य पूरा गर्न कसरी योगदान पुऱ्याए?
14. मरियमलाई दिइएको स्वर्गदूतको सन्देशमा येशूको पहिचान, उहाँको अधिकार र उहाँको भविष्यको राज्यबारे के-कस्ता कुराहरू घोषणा गरिएका थिए?
15. येशू ख्रीष्टले मानव शरीर धारण गर्नुको उद्देश्य के थियो? उहाँको प्रतिस्थापनात्मक मृत्युले पाप र शैतानका कामहरूलाई कसरी पराजित गर्ने थियो?
16. शैतानले येशूलाई उहाँको काम पूरा गर्नुअघि नष्ट गर्न कुन-कुन प्रयासहरू गऱ्यो? परमेश्वरले ती प्रयासहरूलाई कसरी विफल पार्नुभयो?
17. उजाडस्थानमा शैतानले येशूलाई कुन-कुन तरिकाले परीक्षा गऱ्यो? संसारका सबै राज्यहरू दिने प्रस्तावको महत्त्व के थियो, र येशूले त्यसलाई कसरी अस्वीकार गर्नुभयो?
18. येशूले इस्राएललाई प्रतिज्ञा गरिएको ईश्वरशासित राज्य कसरी प्रस्ताव गर्नुभयो? राज्य स्थापना हुनका लागि इस्राएलले पूरा गर्नुपर्ने आत्मिक सर्त के थियो, र यस कारण येशूले आफ्नो सेवाकालमा इस्राएललाई किन विशेष प्राथमिकता दिनुभयो?
19. प्रभु येशूका आश्चर्यकर्महरूले उहाँमा ईश्वरशासित राज्य स्थापना गर्न आवश्यक अधिकार र सामर्थ्य भएको कुरा कसरी प्रमाणित गरे? विभिन्न प्रकारका आश्चर्यकर्महरूबाट उदाहरण दिनुहोस्।
20. प्रभु येशूले आफ्ना चेलाहरूलाई आश्चर्यकर्म गर्ने शक्ति दिनुको उद्देश्य के थियो? तिनीहरूले गरेका आश्चर्यकर्महरूको भविष्यमा स्थापना हुने ईश्वरशासित राज्यसँग कस्तो सम्बन्ध थियो?
21. शैतानले इस्राएललाई ईश्वरशासित राज्यको प्रस्ताव अस्वीकार गर्न किन उक्सायो? इस्राएलले राज्यको प्रस्ताव अस्वीकार गर्नुको मुख्य कारण के थियो?
22. इस्राएलले येशूलाई आफ्नो राजा र प्रतिज्ञा गरिएको उद्धारकर्ताका रूपमा अस्वीकार गर्दा त्यसको परिणाम के भयो? परमेश्वरले इस्राएलको यही अस्वीकारलाई आफ्नो इतिहाससम्बन्धी उद्देश्य पूरा गर्न कसरी प्रयोग गर्नुभयो?
23. क्रूसमा येशूले "पूरा भयो" भन्नुको के महत्त्व थियो? उहाँको क्रूसारोपणद्वारा परमेश्वरको उद्देश्यअन्तर्गत कुन-कुन कार्य पूरा भए?
24. प्रभु येशूको शारीरिक पुनरुत्थान किन अत्यन्तै महत्त्वपूर्ण थियो? यसले उहाँको प्रतिस्थापनात्मक बलिदान, शैतानमाथिको विजय र भविष्यको ईश्वरशासित राज्यबारे के प्रमाणित गऱ्यो?
25. पुनरुत्थानपछि चालीस दिनसम्म प्रभु येशूले आफ्ना चेलाहरूलाई के प्रमाण दिनुभयो? त्यसपछि उहाँको स्वर्गारोहणको के महत्त्व थियो, र उहाँ स्वर्गमा रहनु इस्राएलको पश्चात्तापसँग कसरी सम्बन्धित छ?

**द्रष्टव्य:** अध्याय ४ का यी समीक्षा प्रश्नहरू पहिले छाप्न छुटेकाले यस अंकमा छापिएका हुन्। धन्यवाद!

## विपत्तिका लाभहरू



शान्त समुद्रले कहिल्यै कुशल नाविक बनाएको छैन; त्यसरी नै, निरन्तर समृद्धि र सफलता मात्रले पनि मानिसलाई उपयोगी वा सुखी जीवनका लागि योग्य बनाउँदैन। विपत्तिका आँधीहरूले, समुद्रका आँधीहरूले जस्तै, मानिसका क्षमताहरूलाई जागृत गराउँछन् र उसमा आविष्कारशीलता, विवेक, सीप र धैर्य-साहसलाई उत्तेजित गर्छन्। प्राचीन समयका शहीदहरूले बाह्य विपत्तिहरूको सामना गर्न आफ्ना मनलाई दृढ बनाउँदै जाँदा उद्देश्यको उच्चता र नैतिक वीरता प्राप्त गरे—जुन कोमल सुख-सुविधा र सुरक्षाले भरिएको जीवनभरिमा पनि प्राप्त गर्न कठिन हुन्छ। - JFH

"मेरा भाइहरूहो, जब तिमीहरू नाना प्रकारका परीक्षाहरूमा पर्दछौ, तब तिमीहरूले यो पूरा आनन्द सम्झ, यो जानेर कि तिमीहरूको विश्वासको जाँचले धीरज उत्पन्न गर्छ। तर धीरजलाई सिद्ध काम गर्न देओ, कि कुनै कुराको खाँचो नपर्ने गरी तिमीहरू सिद्ध र पूर्ण होओ" (याकूब १:२-३)

## परमेश्वरको शान्ति

दुई जना चित्रकारलाई शान्तिलाई चित्रमा उतार्न भनियो। पहिलो चित्रकारले एउटा सुन्दर साँझको दृश्य चित्रित गरे। अग्रभागमा एउटा ताल थियो, जसको सतह शान्त थियो; परसम्म हरिया मैदानहरू फैलिएका थिए, जहाँ गाईवस्तुहरू शान्तसँग चरिरहेका थिए; एउटा सानो कुटीर थियो; अस्ताउँदै गरेको सूर्य थियो—यी सबैले शान्ति र स्थिरताको भावना व्यक्त गरिरहेका थिए।



दोस्रो चित्रकारले एउटा उग्र, आँधीबेहरीले भरिएको दृश्य चित्रित गरे। माथि बाक्ला काला बादलहरू मडारिएका थिए। चित्रको बीचमा एउटा विशाल झरना भीरबाट प्रचण्ड वेगमा तल खसिरहेको थियो। तर एउटा ठूलो चट्टानको चिरामा एउटा सानो चरा बसेको थियो, चारैतिरबाट पूर्ण रूपमा सुरक्षित, र आनन्दको स्वरमा गाइरहेको थियो। त्यो सानो चराझैं, हामी पनि जीवनका आँधीबेहरीहरूबीच पूर्ण शान्तिको अनुभव गर्न सक्छौं। - Fellowship

## "प्रभुको शरीरलाई नचिनीकन"



यो वाक्यांश १ कोरिन्थी ११:२९ मा भेटिन्छ। यसको अर्थ के हो? "प्रभुको शरीर" भन्नाले मण्डली हो कि क्रूसमा बलिदान हुनुभएका प्रभुको शरीर? सन्दर्भ प्रभु भोजको भएको हुनाले "प्रभुको शरीर" ले क्रूसमा तोडिएको प्रभु येशूको शरीरलाई जनाउँछ, मण्डलीलाई होइन। किनकि "यो मेरो शरीर हो, जुन शरीर तिमीहरूका निम्ति तोडिएको छ; मेरो सम्झनामा यो गर" भन्नुहुँदै चेलाहरूलाई रोटीबाट खान दिनुभएको थियो (१ कोरिन्थी ११:२४)।

अब "प्रभुको शरीरलाई नचिनीकन" को माने पनि स्पष्ट हुन्छ। विश्वासीले प्रभु भोज लिँदा त्यो रोटी र दाखरसलाई केवल साधारण खानेकुरा मात्र खाए जस्तो व्यवहार गर्नु हुँदैन। त्यो रोटी र कचौराको अर्थलाई नसम्झीकन खानु प्रभुको शरीरलाई नचिनीकन खानु हो। त्यसले इङ्गित गरेको सत्यतालाई विशेष मूल्यको नठानी प्रभु भोज लिनु प्रभुको शरीरलाई नचिनीकन खानु हो र अयोग्य रीतिले खानु हो। प्रभु भोज यसरी खानु हुँदैन भनेर ख्रीष्टियनलाई चेताउनी दिइएको हो, अख्रीष्टियनलाई होइन। किनकि उल्लङ्घन गरेर प्रभुको ताडना पाउनेहरू विश्वासीहरू थिए। अविश्वासीले त ताडना पाउँदैनन् बरु परमेश्वरको न्यायमा पर्नेछन् (१ कोरिन्थी ११:३०-३२)—कुनै विधि पालन गरेकोले वा नगरेकोले त होइन तर सुसमाचारलाई विश्वास नगरेकोले हो (मर्कूस १६:१५-१६)।

- PS

- यदि तपाईंको आलोचना भइरहेको छ भने, तपाईंले कि त केही सार्थक काम गर्नुभएको छ, कि त कुनै मूर्खतापूर्ण काम गर्नबाट जोगिनुभएको छ। त्यसैले—बधाई छ! - Fellowship

## ख्रीष्ट हाम्रो पवित्रता

ख्रीष्टलाई आफ्नो पवित्रीकरणको रूपमा सही रूपमा ग्रहण गर्न सके हजारौँ गम्भीर, चिन्तित र संघर्षरत आत्माहरूलाई कति ठूलो राहत मिल्ने थियो! आफ्नै लागि पवित्रीकरण प्राप्त गर्न कति जना व्यर्थमा प्रयास गरिरहेका छन्! आफ्नै धार्मिकता प्राप्त गर्न गरेका धेरै निष्फल प्रयासहरूपछि उनीहरू धार्मिकताको निम्ति ख्रीष्टकहाँ आएका छन्; तर पवित्रीकरणको खोजीमा भने उनीहरूले बिलकुलै फरक मार्ग अपनाइरहेका छन्। उनीहरूले "कामहरूविना धार्मिकता" पाएका छन्, तर पवित्रीकरणचाहिँ आफ्नै प्रयासद्वारा प्राप्त गर्नुपर्छ भन्ने कल्पना गर्छन्। धार्मिकता प्राप्त गरेझैं ठीक त्यही तरिकाले हामी पवित्रीकरण पनि प्राप्त गर्छौं भन्ने कुरा उनीहरूले देख्दैनन्, किनकि ख्रीष्ट "हाम्रा निम्ति" एउटा मात्र होइन, अर्को पनि हुनुभएको छ। के हामी प्रयास गरेर ख्रीष्टलाई प्राप्त गर्छौं? होइन; विश्वासद्वारा। यो "काम नगर्नेलाई" लागू हुन्छ (रोमी ४:५)। ख्रीष्टमा हामीले प्राप्त गर्ने सबै कुरामा यही कुरा लागू हुन्छ। - चार्ल्स एच म्याकिन्टोश

प्रकाशक: नारायणगढ चर्च, लायन्स चोक, नारायणगढ, भरतपुर - २ ✦ 9855071310